## फसल र भण्डारण

भोटे धनियालाई परिपक्व भएपछि उखेलिन्छ । पहेलो भएको पातहरू बजार लानुभन्दा अगाडि हटाउन पर्दछ । साधारण धनिया को भन्दा यसको पातहरू कडा हुने भएकोले तुलनात्मक रूपमा यसको जीवन लामो छ । यसलाई लामो समय सम्म हरियो राख्नलाई जरासहितका पातहरूलाई मुठा बनाइ जरालाई पानीमा डुबाइन्छ।


**Published by**

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**Under the project**
Conservation, Promotion and Intensification of Local Crop Landraces or Germplasm for Livelihoods of Organic Farmers in Sikkim

**Sponsored**

NATIONAL MISSION ON ORGANIC MISSION
Ministry of Environment, Forest & Climate Change, Govt. of India
NMHS Nodal Institute: G.B. Pant National Institute of Himalayan Environment & Sustainable Development (GBPNIHESD)

Cite: Limbu S and Sharma L. 2020. Cultivation practices of Bhotay Dhnaia (Culetro) (Pamphlet). Department of Horticulture, Sikkim University.



Extension Bulletin-05/NMHS/2020


# भोटे धनियाको खेति




Authors
Suren Limbu and Laxuman Sharma

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

## परिचय

Culentro (Eryngiun foetidum) लाई सिक्किममा भोटे धनिया भनेर चिनिन्छ जुन Apiaceae परिवारको एक सदस्य हो। यो एक दुर्लभ र स्थानिय बाली हो जसमा राम्रो सुगन्धित गुणहरू पाइन्छ। यसको उमार शक्ति एकदमै कम भएकोले यो सीमित क्षेत्रमा मात्र पाइन्छ।

यो एक लामो सम्मान रूपमा शाखा जरा भएको बाली हो। पातहरू 30 सेन्टिमिटर सम्म लामो र 4 सेन्टिमिटर चौडा हुन्छा। यसको पात हरियो रंगको, दाते किनारा र यसको फेद रंगको हुन्छ। भोटे धनिया ले आफ्नो जीवन चक्र ५-६ महिनामा पूरा गर्छ। यसमा अलगै स्वाद भएकोले यसलाई सूप सलाद, सस, चाउचाउ जस्ता मसलाका परिकारहरूमा पनि प्रयोग गरिन्छ।

## माटो र हावापानी

भोटे धनिया सबै खाले माटोमा हुने बाली हो तैरपनि ओसिलो, राम्रोसँग निकास भएको, बलौटे ,दोमाट साथै जैविक पदार्थ बढी भएको माटो यसको लागि उपुक्त हुन्छ। यसलाई हल्का चिसो भएको ठाउँ चाहिन्छ तर ज्यादा शीत यसले सहन सक्दैन साथै यो अत्याधिक गर्मीमा पनि बड्न सक्दैन।

## प्रजनन र प्रत्यारोपण

भोटे धनियाको प्रजनन् विउ बाट गरिन्छ। बीउ अंकुरण हुन एक महिना भन्दा बढी समय लाग्ने भएकाले विउ बाट प्रजनन गर्न धैरे कठिनाई हुन्छ। नर्सरी बेड तयार गरिसके पछि विउ छरिन्छ र माटोमा निरन्तर चिस्यानको बेवास्था गर्नु पर्दछ। मुख्य बारीमा बेर्ना सार्दा लगभग 12/12 सेन्टिमिटरको दुरीमा सार्नु पर्दछ। बेर्ना सार्दा साँघुरो र फराकिलो दूरी दुबैलाई ध्यान दिनु पर्दछ किनकि साँघुरो दूरीले साना पातहरू हुन्छ जबकि फराकिलो दूरीले पातहरूको सीधा वृद्धिलाई रोक्छ।

## मलखाद र बारीको तयारी:

पर्याप्त मात्रामा मल हालेर माटोमा राम्ररी मिसाइन्छ। माटोको सबै ढुङ्गाहरू हटाएर राम्रो जोतेर तयार गर्नु पर्दछ। यो छाया मन पराउने बाली भएकोले मकैलाई अन्तरबालीको रूपमा खेती गर्दा राम्रो उत्पादन हुन्छ। सूर्यको प्रत्यक्ष सम्पर्क हुन नदिन साथै एकसमान र अधिकतम वृद्धिको लागि आंशिक छाया कायम गर्नुपर्छ।

